निबन्ध प्रतियोगिता

नाम: शोभा आर.सी.

अध्ययन: BBS प्रथम वर्ष

क्याम्पस: रुकुमेली क्याम्पस मुसिकोट, रुकुम (पश्चिम)

~~डेमाता~~

निबन्ध विषय: "सूचना प्रविधिको युगमा डिजिटल साक्षरता"

" सूचना प्रविधिको युगमा डिजीटल साक्षरता "

सुचना प्रविधि भन्नाले कम्पुटर, इन्टरनेट, सफ्टवेयर, हार्डवेयर तथा सञ्चार प्रणालीहरूको प्रयोग गरेर सुचना संकलन, प्रशोधन भण्डारण आदान-प्रदान ~~गरेर सुचना संकलन~~ गर्ने प्रविधिलाई जनाउँछ। सरल भाषामा भन्नुपर्दा सुचना प्रविधि भनेको जानकारीलाई छिटो सजिलो र प्रभावकारी रूपमा व्यवस्थापन गर्ने माध्यम हो। सुचना सङ्कलन गर्नु सुचना सुरक्षित राख्नु, सुचना प्रशोधन गर्नु र सुचना-आदान प्रदान गर्नु सुचना प्रविधिको मुख्य कामहरू हुन। सुचना प्रविधिका थुप्रै उदाहरणहरू पनि छन: जस्तै: मोबाइल इन्टरनेट चलाउनु, कम्प्युटरमा काम गर्नु इमेल पठाउनु र अनलाइन पढाइ गर्नु ~~की सबै~~ आदी हुन। त्यसैले आजको युग भनेको सुचना प्रविधिको युग हो आजको युगमा सुचना प्रविधि मानव जीवनको अभिन्न अङ्ग बनिसकेको छ। यसकारण आजको युगलाई सुचना प्रविधिको युग पनि भनिन्छ।

आजको संसार सुचना प्रविधिको तीव्र विकासले पूर्ण रूपमा परिवर्तित भइसकेको छ। कम्पुटर र इन्टरनेट मोबाइल फोन, सामाजिक सञ्जाल जस्ता प्रविधिहरूले मानव जीवनलाई सहज छिटो र प्रभावकारी बनाएका छन। सम्पूर्ण संसार परिवर्तन भएको छ। आज सुचना प्रविधि क्रान्ति संसार भरि भइरहेको छ। विश्वका विभिन्न देशहरू औद्योगिक समाजबाट सुचना समाजमा परिवर्तन भएका छन। जस्तै: जापान अमेरिका आदि

सूचना प्रविधिको कारण हामी सबै तलपाइकहरू देख्न सक्छौं। सूचना प्रविधिमा हामीले रेडियो, इन्टरनेट, मोबाइल, कम्प्युटर जस्ता साधनहरू फेला ~~सक्छौं~~ पारेका छौं। यही सूचना प्रविधिले गर्दा सूचना संग्रह सुरक्षा, विनिमय, परिवर्तन, अध्ययनको क्षेत्रमा प्रगति हासिल गरेको छ। धेरैको जानकारी ठिक समयमा पाउछौं। यस्तो अवस्थामा डिजिटल साक्षरता प्रत्येक व्यक्तिका लागि अत्यन्त आवश्यक सिप बनेको छ।

डिजिटल साक्षरता भन्नाले डिजिटल उपकरणहरूको प्रयोग गर्ने क्षमता पाउनुका साथ सूचना खोज्ने मूल्याङ्कन गर्ने, विश्लेषण गर्ने, बुझ्ने, सुरक्षित रूपमा प्रयोग गर्ने र डिजिटल माध्यमबाट प्रभावकारी रूपमा सञ्चार गर्ने क्षमतालाई जनाउँछ। आज हामी दैनिक जीवनका प्राय सबै कार्यहरू डिजिटल माध्यमबाट गरिरहेका छौं। यस्तो अवस्थामा डिजिटल साक्षरता प्रत्येक व्यक्तिका लागि अनिवार्य आवश्यकता बनेको छ। डिजिटल उपकरण चलाउन जान्नु, इन्टरनेट सही तरिकाले प्रयोग गर्न सक्नु, गलत सूचना छुट्याउन सक्नु र गोपनियता सुरक्षित राख्नु नै डिजिटल साक्षरताको मुख्य कुराहरू हुन। डिजिटल साक्षरताले सही र भरपर्दो सूचना प्राप्त गर्न सहयोग गर्छ। अनलाइन ठगी हुन बाट जोगाउन, शिक्षा र रोजगारीको अवसर बढाउन र समाजमा सचेत र जिम्मेवार नागरिक बनाउन पनि डिजिटल साक्षरताको ठूलो महत्व छ।

सूचना प्रविधिको युगमा मानिसको जीवन शैली डिजिटल प्रणालीमा निर्भर हुँदै गएको छ। बैंकिङ सेवा, शिक्षा, स्वास्थ्य, व्यापार व्यवसाय, सरकारी सेवा लगायतका सबै कामहरू अब अनलाइन माध्यमबाट सञ्चालन भइरहेका छन्। यसले मानिसलाई समय बचत गर्ने, श्रम बचत गर्ने धेरै व्यक्तिले गर्ने काम एउटै व्यक्तिले गर्न सक्ने आदि जस्ता काम गर्न डिजिटल साक्षरताले प्र मदत गरेको छ। यसरी डिजिटल साक्षरता भएको व्यक्तिले सबै काम गर्न धेरै फाइदा लिएको हुन्छ। तर डिजिटल साक्षरता नभएको व्यक्तिले कुनै पनि फाइदा लिन सक्दैन। जस्तै श्रम बचत र समय बचत आदि। यसैले डिजिटल साक्षरता आजको आवश्यकता मात्र नभई अनिवार्य सीप वा अधिकार समेत पनि भएको छ।

डिजिटल साक्षरताको पहिलो पक्ष भनेको आधारभूत प्राविधिक ज्ञान हो। कम्प्युटर, मोबाइल जस्ता उपकरणहरू कसरी प्रयोग गर्ने भन्ने सिप आवश्यक हुन्छ। इन्टरनेट चलाउने, इमेल पठाउने फाइल डाउनलोड गर्ने तथा अपलोड गर्ने जस्ता सामान्य कार्यहरू जान्नुपर्छ। उदाहरणकालागि हामी विद्यार्थीहरूले अनलाइन कक्षा लिन, गृहकार्य बुझाउन र अध्ययन सामग्री खोज्न कोलागि प्रयोग डिजिटल सिपको गर्न जान्नुपर्छ। हामी विद्यार्थीहरूलाई यो अनिवार्य आवश्यक पर्छ। विद्यार्थीहरूलाई यस्ता डिजिटल सिपहरू अनिवार्य रूपमा सिकाउनु पर्छ। यसले विद्यार्थीको अध्ययनलाई प्रभावकारी बनाउँछ। विद्यार्थीहरूमा यस्तो सिप भएमा उनीहरू सक्षम बन्छन् र कुन काम कहाँ कसरी, कहिले, र कस्तो अवस्थामा के गर्ने भन्ने ज्ञान प्राप्त गर्छन्। यसरी विद्यार्थी हरू हरूबाट नै समाजमा रहेका हरेक व्यक्तिहरूलाई केही सिक्ने अवसर प्राप्त हुन्छ। जुन केही थाहा नपाएका व्यक्तिहरूले पनि धेरै कुराहरू थाहा पाउन सक्छन्।

डिजिटल साक्षरताको अर्को महत्वपूर्ण पक्ष सूचना साक्षरता हो। इन्टरनेटमा धेरै जानकारीहरू उपलब्ध हुन्छन् ती ती सबै जानकारी सही हुन्छन् हुँदैन कुनै जानकारीहरू गलत पनि हुन सक्छन् त्यसैले कुन जानकारी सही छ कुन जानकारी गलत छ छुट्याउन सक्नु पर्छ। किनकी गलत सूचनाले समाजमा वा अन्य कुनै पनि क्षेत्रमा एउटा ठूलो भ्रम सिर्जना गर्न सक्छ त्यसको ठूलो असर पनि पर्न सक्छ। त्यसैले साक्षर व्यक्तिले स्रोतको विश्वसनीयता जाँचेर सही जानकारी मात्र प्रयोग गर्छ। त्यसरी हामीले पनि छुट्याउन सक्नु ~~अति आवश्यक~~ छ। पर्छ।

यसैगरी साइबर सुरक्षा पनि डिजिटल साक्षरताको महत्वपूर्ण अङ्ग हो। आजको समयमा साइबर अपराधहरू दिनप्रतिदिन बढिरहेका छन्। जस्तै: ह्याकिङ, अनलाइन ठगी जस्ता समस्याहरू सामान्य बन्दै गएका छन्। यदि कुनै पनि व्यक्तिहरूलाई डिजिटल सुरक्षा सम्बन्धी ज्ञान छैन भने असल उनीहरूले आफ्नो व्यक्तिगत जानकारी गुमाउन सक्छन्। यस्ता व्यक्तिहरू अरुबाट सजिलै ठगिन सक्छन्। यस्ता समस्याहरू दिनप्रतिदिन बढ्दै जान्छन् सक्छन्। समयमा नै सचेत हुनु पर्छ। त्यसैले पासवर्ड सुरक्षित राख्ने, अज्ञात लिङ्क नखोल्ने, व्यक्तिगत जानकारी सार्वजनिक नगर्ने गोपनियता कायम गर्ने जस्ता सावधानी अपनाउनु सबै भन्दा ठूलो आवश्यकता हुँदै अपनाउनु पर्छ।

डिजिटल साक्षरता सामाजिक जीवनमा पनि अत्यन्त प्रभावकारी छ। सामाजिक सञ्जालले मानिसहरूलाई नजिक ल्याएको छ। जस्तै: फेसबुक, युट्युब, टिकटक, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालका माध्यमले विचार, जानकारी

र सिर्जनशीलता आदान प्रदान गर्ने अवसर दिएका छन। एक व्यक्तिले अर्को व्यक्तिलाई चिन्न पाएका छन। हाम्रो जानकारी तत्काल पाएका छन। आफुसँग भएको प्रतिभा हरुलाई सबै सामु देखाउन पाएका छन। यी सामाजिक सञ्जाल हरुको सदुपयोग गर्ने र सही तरीकाले प्रयोग गर्ने व्यक्तिहरुको उन्नति हुँदै गएको छ। उनीहरु सफल हुँदै गएका छन। आफूले नजानेका केही कुराहरु अरुबाट सिक्ने अवसर पाएका छन। यही सामाजिक सञ्जालबाट कति व्यक्तिले थोरै सिपहरु सिकेर व्यापार व्यवसाय सुरु पनि गरेका छन। समयको सही सदुपयोग गरेका छन। थोरै व्यक्तिहरुले थोरै दिनमा गर्ने काम एउटै व्यक्तिले एकै दिनमा गरेका छन। र आत्मनिर्भर बनेका छन। यसका साथै आर्थिक विकास पनि गरेका छन। र गाउँघर लगाएत अन्य ठाउँमा पनि रोजगारी सिर्जना गरेका छन। तर

यी सामाजिक सञ्जालको अत्याधिक गलत प्रयोगले समयको दुरुपयोग हुनको साथै मानसिक तनाव र सामाजिक समस्या हरु निम्त्याउन सक्छ। समाजमा नराम्रा घटना घटन पनि सक्छन यसैले डिजिटल साक्षरता हुनु भनेको सामाजिक सञ्जालहरुको जिम्मेवार प्रयोग गर्न सक्नु पनि होर यस्ता सामाजिक सञ्जालहरु सही रुपमा सदुपयोग गरेर प्रयोग गर्नुपर्छ।

आजको शिक्षण सिकाइ प्रक्रिया प्रविधीसँग गाहिरो रुपमा जोडिएको हुनाले शिक्षा क्षेत्रमा डिजिटल साक्षरताको महत्व झन झन बढेको छ।

आज अनलाइन शिक्षा, इलर्निङ प्लेटफर्म र डिजिटल पुस्तकालयहरूको प्रयोग बढ्दो छ। विशेषगरी महामारीको समयमा अनलाइन शिक्षाले महत्वपूर्ण भूमिका खेलेको थियो। विद्यार्थीहरूले घरमै बसेर पढ्न सके र घरमैबसेर अन्य सिपहरू पनि सिक्ने अवसर प्राप्त गरे। र कतिपय विद्यार्थीहरू यही मोबाइल फोन, सामाजिक सञ्जाल जस्ता प्रविधिहरूको अभावले गर्दा र साथै डिजिटल सिप नभएको कारणले गर्दा पनि धेरै पछि परे। किनको उनीहरूलाई धेरै कुराको अभाव भयो। उनीहरूको समय त्यतिकै बित्यो। नत पढ्न पाए नत सिप नै सिक्न पाए। यसरी महामारीको कारणले र सामाजिक सञ्जालको अभावले धेरै विद्यार्थीहरू पछि परे। यसले देखाउछ कि शिक्षा प्रणालीमा डिजिटल साक्षरता समावेश गर्नु कति आवश्यक छ भनेर! त्यसैले डिजिटल साक्षरताले शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका ~~खेल्ने~~ खेल्ने भएकोले शिक्षा प्रणालीमा डिजिटल समावेश गर्नुपर्छ।

रोजगारी र व्यवसायको क्षेत्रमा पनि डिजिटल साक्षरता अत्यन्त महत्वपूर्ण छ। आजका धेरै कामहरू कम्प्युटर र इन्टरनेट सँग ~~सँग~~ सम्बन्धित छन्। आजका प्राय कामहरू कम्प्युटर र इन्टरनेटबाट नै हुन्छन्। डिजिटल मार्केटिङ, अनलाइन व्यापार जस्ता क्षेत्रमा धेरै काम हुन्छ। र यो काम गर्नको लागि डिजिटल सीप आवश्यक हुन्छ। सीप भएका डिजिटल साक्षर व्यक्तिहरूले रोजगारका धेरै अवसरहरू पाउन सक्छन्। र आत्मनिर्भर बन्न सक्छन्। उनीहरूले आफूमा आउने साना देखि ठुला समस्याहरू पनि सजिलै समाधान गर्न सक्छन्।

नेपाल जस्ता विकासोन्मुख देशमा डिजिटल साक्षरता को विकास अझै चुनौतीपूर्ण छ । ग्रामीण क्षेत्रमा इन्टरनेट को पहुँच सीमित छ । र धेरै जस्तो मानिसहरू डिजिटल उपकरणहरू प्रयोग गर्न जान्दैनन । यसले डिजिटल विभाजन सिर्जना गरेको छ । जहाँ केही मानिसहरू प्रविधिबाट लाभान्वित हुन्छन भने केही मानिसहरू पछाडि परिरहेका छन। यस्ता विभिन्न समस्याहरूलाई समाधान गर्न सरकार र सम्बन्धित निकायहरूले डिजिटल शिक्षा र तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गराउनुपर्छ । यी समस्या समाधान-का ~~लागी यस तालिम~~ डिजिटल शिक्षा र तालिम अति आवश्यक छ। यसले समाधान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

~~साथै ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गर्न र~~

सरकारले विद्यालयदेखि नै डिजिटल शिक्षा अनिवार्य गर्नुपर्छ। शिक्षकहरूलाई पनि तालिम दिई डिजिटल माध्यमबाट शिक्षण गर्न सक्षम बनाउनु आवश्यक छ । साथै ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गर्न र सस्तो दरमा सेवा उपलब्ध गराउन पहल गर्नुपर्छ । ~~साथै~~ इन्टरनेट सेवाको विस्तार तथा सुलभता बढाउन पहल गराउनुपर्छ । यसले पक्की नै सबै नागरिकलाई समान अवसर प्रदान गर्नेछ। यति मात्र नभएर यहाँ डिजिटल साक्षरतामा अभिभावकहरूको भूमिका पनि महत्वपूर्ण रहन्छ । पहिला अभिभावकहरूलाई सक्षम बनाउनु पर्छ । र बालबालिकालाई मात्र डिजिटल उपकरणहरूको सही प्रयोग गर्न सिकाउनु पर्छ ।

उनीहरूलाई अनलाइन जोखिमहरूको बारेमा पनि सबै जानकारी दिनुपर्छ । र समय व्यवस्थापनमा ध्यान दिन पनि प्रेरित गर्नुपर्छ । यसले उनीहरूलाई जिम्मेवार डिजिटल नागरिक बन्न मदत गर्दछ । यति मात्र नभएर बालबालिकाहरूलाई डिजिटल उपकरणहरूको सही प्रयोग गर्दा के हुन्छ र गलत प्रयोग गर्दा के हुन्छ भनेर पनि पुरै जानकारी दिनुपर्छ । र यी उपकरणहरू प्रयोग गर्दा कुन कुरामा बढी ध्यान दिनुपर्छ भनी सचेत गराउनु पर्छ । र अभिभावकहरूले पनि यी उपकरहरू चलाउदा हुने फाइदा बेफाइदा हरूको बारेमा राम्रो सँग जानकारी पाएको हुनुपर्छ । जसको प्रयोगको कारणले गर्दा बालबालिका मात्र भएर सबै व्यक्तिहरू एउटा जिम्मेवारी र सफल व्यक्ति बन्न सक्छन ।

डिजिटल साक्षरता केवल प्राविधिक सीप मात्र नभई व्यवहार र सोचाइ पनि हो । यसले व्यक्तिलाई सिर्जनशील, विवेकशील, विश्लेषणात्मक र जिम्मेवार बनाउँछ । डिजिटल माध्यमबाट नयाँ नयाँ कुराहरू सिक्ने, आफ्नो विचार व्यक्त गर्ने, आफुसँग भएका कला, सिप अरूलाई देखाउने र समाजसँग जोडिने अवसर अवसर प्रदान गर्दछ । यति मात्र नभएर एक अर्काको सम्बन्ध जोड्न विस्तार गर्न पनि मदत गर्दछ । एक ठाउँबाट घटेका घटनाहरू अर्को ठाउँबाट पनि हेर्न सकिन्छ । विभिन्न जातजातिका भेषभुषा रितिरिवाज, चालचलन भाषा धर्म ~~धर्म~~ संस्कृति हरूको बारेमा थाहा पाउन निकै ठुलो भुमिका खेलेको हुन्छ ।

अन्ततः सूचना प्रविधिको युगमा डिजिटल साक्षरता अपरिहार्य आवश्यकता बनिसकेको छ। यसले शिक्षा रोजगारी, सामाजिक जीवन र समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्छ। डिजिटल साक्षरता भएका नागरिक छन्ले मात्र प्रविधिको सही उपयोग गरेर आफ्नो जीवन-स्तर सुधार्न सक्छन्। र देशको विकासमा योगदान पुर्याउन सक्छन्। यसैले डिजिटल साक्षरता प्रवर्धन गर्नु आफ्नो सबैभन्दा महत्वपूर्ण कार्य हो। र एउटा ठूलो उपलब्धि पनि हो।

यसरी हेर्दा डिजिटल साक्षरता आधुनिक युगको आधारभूत सीप हो। जसले व्यक्तिलाई सक्षम सचेत र प्रतिस्पर्धी जिम्मेवारी बनाउँछ। सूचना प्रविधिको सही प्रयोग गर्दै सुरक्षित र जिम्मेवार डिजिटल व्यवहार अपनाउनु नै आजको आवश्यकता हो। यसैले सूचना प्रविधिले आधुनिक समाजलाई गतिशील बनाएको छ भने डिजिटल साक्षरताले यसको सही उपयोग सुनिश्चित गर्दछ। यसकारण आजको समयमा दुवै ज्ञान आवश्यक छ।